६८२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २७२/२०७१/०७२

निर्णय नं.३५

बझाङ जिल्ला रायल गा.वि.स. वाड नं. २ चौडाम घर भई हाल काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १३ बस्ने वर्ष ३५ को रतन भण्डारी ..............................१ पुनरावेदक

विरुद्ध

काठमाडौं जिल्ला महानगरपालिका वडा नं. ३४ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर, नयाँ बानेश्वरस्थित नेपाल सरकार, लगानी वोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृत..................................................................................................१ विपक्षी

विषय: माथिल्लो कर्णाली जलविद्युत परियोजना विकास संझौता (पीडीए) उपलब्ध गराउनू ।

बझाङ जिल्ला रायल गाविस निवासी रतन भण्डारीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम मिति २०७१।१०।०६ मा आयोगमा पुनरावेदन दर्ता गराएको पुनरावेदनको तथ्य तथा यस आयोगको ठहर/निर्णय यस प्रकार छ ।

१. निवेदक रतन भण्डारीले म कर्णाली जलाधार क्षेत्रको बासिन्दा तथा माथिल्लो कर्णाली जलविद्युत् परियोजनासँग चासो र सरोकार राख्ने नागरिकका हैसियतले नेपाल सरकारको २०७१ असोज २ गतेको निर्णयअनुसार लगानी वोर्ड र भारतीय जीएमआर कम्पनी बीच २०७१ असोज ३ गते सम्पन्न माथिल्लो कर्णाली जलविद्युत परियोजनाको 'आयोजना विकास संझौता (Project Development Agreement - PDA) को अंग्रेजीमा रहेको पूर्ण संझौता (सार संक्षेप होईन) को आधिकारिक प्रतिलिपि नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा भएको व्यवस्थाअनुसार उपलब्ध गराई पाउँ भनी लगानी वोर्डको प्रमुख समक्ष मिति २०७१।०७।२४ मा निवेदन दर्ता गराएको ।

२. नेपाल सरकार, लगानी बोर्डको कार्यालय र माथिल्लो कर्णाली जलविद्युत आयोजना विकासकर्ता GMR Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company बीच मिति २०७१/६/३ मा हस्ताक्षर भएको परियोजना विकास संझौता (PDA) एउटा व्यापारिक प्रकृतिको करार (Commercial Agreement) भएकोले उक्त संझौता दुवै पक्षको सहमति विना एक पक्षले सार्वजनिक गर्न नसक्ने व्यहोरा PDA को दफा १७.१ को Disclosure of Confidential Information मा उल्लेख गरिएको छ । सो सम्वन्धमा PDA सार्वजनिक गर्न सहमति उपलब्ध गराईदिन अनुरोध गर्दै विकासकर्तालाई यस कार्यालयबाट अनुरोध गरी E-mail पठाइएकोमा हालको अवस्थामा सार्वजनिक गर्न नमिल्ने भन्ने व्यहोराको जवाफ प्राप्त भएको छ । साथै, यसै सम्वन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा PDA सार्वजनिक गर्नु भन्ने आदेश गरेको वा मुद्दा किनारा लागेको अवस्थामा बाहेक अहिले नै PDA सार्वजनिक गर्नु उपयुक्त हुने देखिँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ तथा सो अन्तर्गत बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने वा पाउने अधिकार दिएको भए तापनि गोप्य राख्नुपर्ने सूचना जानकारी दिन कर नलाग्ने प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थालाई पनि विचार गर्नुपर्ने हुन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) खण्ड (ग) मा आर्थिक तथा व्यापारिक गोपनीयतामा असर पार्ने सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था अनुसार लगानी बोर्डले यस्तै प्रकृतिका अन्य आयोजना विकासको सन्दर्भमा लगानीकर्ताहरुसँग वार्ता तथा छलफल गरिरहेकाले अहिले नै PDA सार्वजनिक गर्दा भविष्यमा यस्तै प्रकृतिका आयोजनाको संझौतामा प्रभाव पर्न सक्ने संभावना रहन्छ । तसर्थ, पछि सम्मानित सर्वोच्च अदालत वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्डमा वा विकासकर्ता (अर्को पक्ष) ले सहमति दिएको अवस्थामा पुनर्विचार गर्ने गरी हाललाई निवेदकको माग बमोजिम PDA को प्रतिलिपि उपलब्ध गराउन नसकिने भन्ने समेत व्यहोराको विपक्षी लगानी बोर्डले पुनरावेदकलाई जानकारी गराएको पत्र ।

३. लगानी बोर्डको कार्यालयको पत्र उपर चित्त नबुझाई निज निवेदक रतन भण्डारीले मिति २०७१।१०।९ मा आयोगमा पुनरावेदन दर्ता गराएको । सो पुनरावेदनमा निजले निम्न जिकिर लिएको :

(क) सर्वप्रथम म पुनरावेदक नेपालको प्राकृतिक स्रोतको उपयोग राष्ट्र र जनताको हितमा हुनुपर्दछ भन्ने मान्यतासहित विगत डेढदशकदेखि यस अभियानमा सक्रिय रहँदै आएको सचेत नेपाली नागरिक हुँ । यसै सन्र्दभमा मैले नेपाल सरकार, लगानी बोर्ड र माथिल्लो कर्णाली जलविद्युत आयोजना विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. र Karnali Transmission

Company बीच मिति २०७१ असोज ३ गतेका दिन हस्ताक्षर भएको 'माथिल्लो कर्णाली जलविद्युत परियोजना विकास संझौता "(Project Development Agreement-PDA)"को अंग्रेजीमा रहेको पूर्ण एवं आधिकारिक प्रतिलिपि अध्ययन-अनुसन्धानका लागि उपलब्ध गराई पाउँ भनी लगानी वोर्डको कार्यालयमा मिति २०७१ कात्तिक १८ गतेका दिन निवेदन गरेको थिए ।

(ख) तर विपक्षी लगानी वोर्डले लगानी वोर्डको र माथिल्लो कर्णाली जलविद्युत आयोजनााका विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company बीच हस्ताक्षर भएको परियोजना विकास सझौता PDA "व्यापारिक करार (Commercial Agreement)" भएकोले उक्त संझौता दुवै पक्षको सहमति विना एक पक्षले सार्वजनिक गर्न नमिल्ने व्यहोराको जवाफ प्राप्त भएको र PDA सार्वजनिक गर्न उपयुक्त नभएको भन्दै मलाई निवेदन दर्ता भएको ७० दिनपछि अर्थात् मिति २०७१ पुस २८ गते च.नं २४९ को पत्रमार्फत जानकारी गराएको छ । विपक्षीको उक्त पत्रमार्फत आएको जानकारी सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ९ को विरुद्ध भएको हुँदा ऐ. ९(१) को म्यादभित्र यो पुनरावेदन-पत्र लिइ सम्मानित आयोगमा उपस्थित भएको छु । मेरो तथ्य र जीकिरबमोजिम इन्साफ पाउँ ।

(ग) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३,४ र ऐ.नियमावली, २०६५ बमोजिम माथिल्लो कर्णालीको परियोजना विकास संझौता PDA सार्वजनिक गर्न नमिल्ने भन्नु नेपालको अन्तरिम संविधान, २०६३ तथा ऐन प्रदत्त नेपाली नागरिकको मौलिक हकको ठाडै उल्लंघन हो । एउटा राज्यको जिम्मेवार निकायले सार्वजनिक महत्वको विषयसँग सम्बन्धित कुनै पनि कागजात दिन मिल्दैन भन्न मिल्दैन । कानुनले तोकिदिएको दायित्व निर्वाह गर्नु विपक्षीको कर्तव्य हो ।

(घ) देशको जलसम्पदा र यसको विकासका लागि नेपाल सरकार र देशी-विदेशी कम्पनी, लगानीकर्ता तथा सरकारबीच भएका करार, सहमति तथा सन्धि-संझौता सम्बन्धमा विगतमा सर्वोच्च अदालतमा दायर अरुण ३ जलविद्युत परियोजनासम्बन्धी मुद्दामा अदालतबाट भएको फैसलामा (ने.का.प. ०५१ अध्याय ४, नि.नं. ४८९५ पृष्ठ २२५) परियोजनासँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी सार्वजनिक गर्नु भन्ने आदेश भएको तथा सर्वोच्च अदालतबाटै (बालकृष्ण न्यौपानेसमेत विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत ने.का. प. २०५४ अङ्क २, नि.नं. ६३१३ पृष्ठ ७८-७९) सरकारबाट गरिने सबैकाम अप्रत्यक्ष रुपमा असर पर्न सक्ने सार्वजनिक महत्वका विषयमा सरकारले

अपनाएको नीति र गरेका निर्णय र कामहरुको सम्बन्धमा जानकारी दिने सरकारको कर्तव्य भएको र त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार हो भनी व्याख्या भई उक्त व्यवस्था नजीरको रुपमा स्थापित हुनुका साथै पछिल्लो पटक यस्ता सार्वजनिक महत्व तथा सरोकारको विषयको सूचना आम नागरिकले पाउने तथा माग्ने व्यवस्था नेपालको अन्तरिम संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सुनिश्चित भएको अवस्थामा माथिल्लो कर्णालीजस्तो सार्वजनिक महत्वको परियोजनाको PDA लगायतका कुनै पनि सूचना, लिखत, संझौता तथा करार कुनै पनि बहानामा गोप्य राख्न मिल्दैन । तसर्थ माथिल्लो कर्णाली जलविद्युत परियोजनाको PDA सार्वजनिक गर्न नमिल्ने विपक्षीको भनाईबाट विपक्षीले नेपालको संविधान, प्रचलित कानुन तथा सर्वोच्च अदालतका यस अघिका फैसलाद्वारा स्थापित मूल्य, मन्यता र नजीरहरूको समेत उल्लंघन गरेको हुँदा विपक्षीका नाममा तुरुन्त पुनरावेदकलाई निवेदनमा माग गरे बमोजिमको PDA उपलब्ध गराउनु भन्ने आदेश गरी पाउँ ।

(ङ) विपक्षी लगानी बोर्डले माथिल्लो कर्णाली प्रकृतिका अन्य आयोजना विकासको सन्दर्भमा लगानीकर्ताहरूसँग वार्ता तथा छलफल गरिरहेकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) खण्ड (ग) मा आर्थिक तथा व्यापारिक गोपनीयतामा असर पार्ने सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्थाअनुसार अहिले नै माथिल्लो कर्णालीको PDA सार्वजनिक गर्न नमिल्ने भन्दै लगानी बोर्डले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ खण्ड (ग) मा भएको व्यवस्थाको अपव्याख्या गर्ने दुस्प्रयास गरेको छ । जबकि राष्ट्रिय सूचना आयोगद्वारा प्रकाशित सूचनाको हकसम्बन्धी निर्देशिका, २०७० निवेदनमाथि कारबाहीको ९, पृष्ठ ३१ मा उक्त बुँदाको आशयमा "यदि कुनै कम्पनीले नयाँ सामान उत्पादन गर्दछ भने प्रतिद्वन्दी कम्पनीले नक्कल नगरोस् भनी त्यसको विस्तृत विवरण सार्वजनिक नगर्नु स्वभाविक मानेको र औषधी, खाद्य र वस्तुको सूत्र आदि आर्थिक हितसँग सम्बन्धित सूचनाहरु सम्बन्धित उत्पादकको सहमति विना सार्वजनिक गर्नु हुँदैन" भनेर परिभाषित गरेको छ । जहाँ सिद्धान्तमा सूचनाको हकले कानुनसम्मत व्यावसायिक प्रतिस्पर्धामा हस्तक्षेप गर्नु हुँदैन भनेको छ । जबकि नेपाल, सरकार लगानी बोर्ड र माथिल्लो कणाली जलविद्युत आयोजनाका विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company ले माथिल्लो कर्णालीको PDA को आधारमा त्यस्तो कुनै सामान उत्पादन गर्दै छैनन्, जसको कुनै प्रतिद्वन्दीले नक्कल गरोस । तसर्थ लगानी बोर्डको उक्त झूठो दाबी राष्ट्रिय सूचना आयोगद्वारा प्रकाशित सूचनाको हक कार्यान्वयन निर्देशिकामा परिभाषित आसय र सिद्धान्तविपरीत समेत रहेको छ । तसर्थ माथिल्लो कर्णाली परियोजनालाई कसरी विकास गर्ने भनी नेपाल सरकार र प्रवर्द्धक कम्पनीहरुबीच भएको परियोजनाको विकास

संझौता PDA लाई व्यापारिक कुराको नाम दिएर लुकाउनुका पछाडि प्रस्टरूपमा बदनियत देखिन्छ । सञ्चारमाध्यममा आएको जानकारीअनुसार देश र जनताको भविष्यसँग प्रत्यक्ष सरोकार राख्ने माथिल्लो कर्णाली जलविद्युत् परियोजनामा लगानी बोर्डका केही अख्तियार प्राप्त कर्मचारीले व्यक्तिगत स्वार्थका कारण प्रलोभनमा परी आयोजना विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company सँग नेपालको हितप्रतिकूलका प्रावधानमा हस्ताक्षर गरेको सुन्न र पढ्नमा आएको छ । सोही कारण उक्त संझौतामा विद्यमान कमी-कमजोरी ढाकछोप गर्न लगानी बोर्डले माथिल्लो कर्णालीको PDA सार्वजनिक नगरी विभिन्न बहानामा गोप्य राख्ने दुष्प्रयत्न गर्दैआएको छ । लगानी बोर्डको यस निर्णयले माथिल्लो कर्णाली PDA मा मात्र नभइ लगानी बोर्डको समग्र कार्यशैलीमाथि आशङ्का उब्जाएको छ । त्यसैले सार्वजनिक महत्वको विषयको संविधान तथा ऐन प्रदत्त आम नागरिकले सूचना पाउने अधिकारलाई कुण्ठित गर्दै लगानी बोर्डबाट नागरिक अधिकारको अपमान गर्ने, लोकतान्त्रिक शासन पद्दति, पारदर्शी राज्य व्यवस्थाको धज्जी उडाउने तथा कानुनलाई आफ्नो हातमा लिइ विधि तथा कानुनी शासनलाई चुनौती दिने काम भएको छ । पञ्चायत कालरात्रीलाई माथ खुवाउने लगानी बोर्डको यस्तो गैरसंवैधानिक कार्यशैलीले राज्य व्यवस्था तथा सरकार देश र जनताप्रति उत्तरदायी नभइ विदेशी कम्पनीप्रति वफादार रहन खोजेको गलत सन्देश प्रवाह भएको हुँदा माथिल्लो कर्णाली परियोजनाको PDA मा के कस्ता शर्तनामा अख्तियार गरिएको छ, सो कुराको जानकारी आमनागरिक सबैले थाहा पाउनु आवश्यक भएकोले निवेदनको मागअनुसार विपक्षीको नाममा PDA संझौता उपलब्ध गराउनु भन्ने आदेश गरी पाउँ ।

(च) कानुनद्वारा निर्देशित प्रक्रियाको थालनी समेत नगरी तोकेको दायित्वको पालना नगरेको हुँदा विपक्षी नेपाल सरकार, लगानी बोर्डका प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम हदैसम्मको सजायसमेत गरी पाउँ ।

४. निवेदकले माग गरेको सूचनाका सम्बन्धमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतसँग आयोगमा २०७१।१२।८ मा छलफल भएको ।

५. पुनरावेदक रतन भण्डारीले यस कार्यालयसंग माथिल्लो कर्णाली जलविद्युत आयोजनाको Project Development Agreement (PDA) को पूर्ण सम्झौता माग गर्नुभएकोमा उक्त PDA को दफा १७.१ को Disclosure of Cofidential Informmation मा दुवै पक्षको सहमति विना एक पक्षले सार्वजनिक गर्न नसक्ने व्यहोरा उल्लेख भएकोले विकासकर्तासँग पत्राचार गर्दा सार्वजनिक नगर्ने जवाफ

प्राप्त भएको । साथै, सम्मानित सर्वोच्च अदालतमा समेत सोही विषयमा मुद्दा विचाराधीन रहेको तथा सूचनाको हकसम्वधी ऐन, २०६४ को दफा ३ उपदफा (३) खण्ड (ग) मा आर्थिक तथा व्यापारिक गोपनियतामा असर पर्ने सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था समेत भएको उल्लेख गरी सर्वोच्च अदालतबाट वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्डमा वा विकासकर्ताले सहमति दिएको अवस्थामा सोही बमोजिम हुने गरी हाललाई PDA को प्रतिलिपि उपलब्ध गर्न नमिल्ने व्यहोरा खुलाई निजलाई मिति २०७१।९।२८ मा जवाफ दिइएको भन्ने समेत व्यहोराको विपक्षी लगानी वोर्डका कार्यकारी अधिकृतले यस आयोगलाई लेखेको पत्र ।

## आयोगको ठहर

अब निर्णयतर्फ विचार गर्दा उपरोक्त बमोजिम तथ्यहरू भएको प्रस्तुत विवादमा निम्न प्रश्नहरू निरुपण हुनुपर्ने देखिन्छ :

(क) लगानी वोर्ड र माथिल्लो कर्णाली जलविद्युत आयोजना विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company बीचको संझौता एउटा व्यापारिक प्रकृतिको करार भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) (ग) बमोजिम सूचना प्रवाह गर्नु नपर्ने लगानी वोर्डको जिकिर सत्य हो वा होईन ?

(ख) यो संझौता दुवै पक्षको सहमतिविना एक पक्षले सार्वजनिक गर्न नसक्ने व्यहोरा PDA को दफा १७.१ को Disclosure of Confidentail Information मा उल्लेख गरेको छ भन्ने वोर्डको भनाईलाई प्रचलित संविधान र कानुनका हकका सन्दर्भमा कसरी परिभाषित र व्याख्या गर्ने ?

(ग) प्रस्तुत विषयको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकोले सर्वोच्च अदालत वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्ड सोही बमोजिम हुनेछ भन्ने लगानी वोर्डको भनाईलाई यस आयोगले कुन रुपमा व्याख्या गर्ने ?

(घ) "लगानी वोर्डले प्रचलित कानुनको अपव्याख्या गर्ने दुस्प्रयास गरेको छ । लगानी वोर्डले झुठो दावी लिएको छ। वोर्डले वदनियत राखेको छ। तहाँ कार्यरत कर्मचारीले व्यक्तिगत स्वार्थ र प्रलोभनका कारण र आफ्ना कमी-कमजोरी लुकाउन सूचना नदिएका हुन" भन्ने पुनरावेदकको जिकीरलाई कसरी हेर्ने ?

माथि प्रकरण (क) मा उल्लेख भएअनुसार प्रस्तुत संझौता व्यापारिक प्रकृतिको करार हो होईन र सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा उल्लेखित 'आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा वैद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक

गोपनीयतामा गम्भीर आघात पार्ने' विषय हो होइन भन्ने सन्दर्भमा विश्लेषण गर्दा लगानी बोर्ड नेपाल सरकारको निकाय हो । यो निकाय नेपालमा लगानी प्रवर्द्धन गर्न स्थापना भएको निकाय हो । यो कुनै व्यापारिक निकाय होईन । यसर्थ पूर्ण सरकारी निकायले गरेको संभौतालाई व्यापारिक संभौताको रुपमा व्याख्या गर्न मिल्ने स्थिति देखिन्न । संभौताको पक्षका रुपमा रहेको विकासकर्ताले कर्णाली नदीबाट जलविद्युत उत्पादन गर्ने र प्रशारण लाईनद्वारा सो विद्युत शक्ति तोकिएको स्थानमा लिएर गई वितरण गर्ने वा उपयोग गर्ने हो । यसर्थ उक्त विकासकर्तालाई पनि सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (ग) बमोजिमको गंभीर आघात पुग्ने कुरा पुष्टी गर्न सकिने स्थिति छैन । लगानी वोर्डले पनि यसरी आघात पुग्छ भनी भन्न सकेको देखिन्न । यसर्थ वोर्डको यो दावीको औचित्य पुष्टी हुने आधार देखिन्न ।

प्रकरण (ख) मा उल्लेखित प्रस्तुत संभौता दुवै पक्षको सहमति विना सार्वजनिक गर्न सकिन्न भन्ने विषयका सम्वन्धमा विचार गर्दा प्रचलित संविधान र कानुनको व्यवस्था हेर्नु पर्ने हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ । यो नागरिकको मौलिक हक हो । यस्तै संविधानको धारा १५६ को सन्धि वा संभौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भए बमोजिम हुने व्यवस्था छ । साथै यस्ता सन्धि संभौता व्यवस्थापिका संसद्‌बाट पारित हुनुपर्ने व्यवस्था छ । यसैगरी नेपाल सन्धि ऐन, २०४७ अनुसार सबै सन्धी संभौताहरु व्यवस्थापिका संसद्‌मा जानकारीका लागि पेश गर्नुपर्ने प्रावधान छ । यसरी व्यवस्थापिका संसद्‌मा प्रस्तुत गर्ने विषय गोप्य रहन्छ भन्न मिल्दैन । व्यवस्थापिका संसद्‌मा प्रस्तुत नभएका सन्धि संभौता लागू नै नहुने कुरा संविधानमै लेखिएको छ । यो नै मुलुकको मूल कानुन हो र यस सँग बाँभिएका कानुन र सन्धि संभौता स्वत: बाँभिएको हदसम्म अमान्य हुने कुरा संविधानमै लेखिएको छ । त्यस्तै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने' व्यवस्था छ । लगानी वोर्ड सार्वजनिक निकाय भएकाले नागरिकलाई सूचना प्रवाह नगर्ने गरी सन्धि संभौता गर्ने कुनै कानुनी आधार वोर्डलाई कहि कतैबाट प्राप्त भएको पाईदैन । यसर्थ पुनरावेदकले माग गरेको सूचना विपक्षी वोर्डले उपलब्ध गराउनुपर्ने नै देखिन्छ ।

प्रकरण (ग) मा उल्लेखित लगानी वोर्डको मिति २०७१।९।२८ र २०७१।१[illegible] को पत्रमा 'सर्वोच्च अदालतबाट वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्डमा' सोही बमोजिम हुने कुरा लेखिएकोलाई विचार गर्दा अदालतको मुद्दामा आयोग पक्ष विपक्ष रहेको [illegible] । [illegible] लगानी वोर्डबाट पनि अदालतबाट कुनै विशेष आदेश भएको कुरा उल्लेख भएको छैन । यस स्थितिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दा परेको पुनरावेदनबाट सृजित दायित्वबाट यो आयोग अलग रहन सक्ने स्थिति भएन । विपक्षी लगानी वोर्डले सम्मानित सर्वोच्च अदालतमा समेत मुद्दा विचाराधिन रहेको भनी पत्रमा

उल्लेख गरेतापनि सूचना माग सम्बन्धी रिट निवेदन हो वा अन्य विषयमा निवेदन परेको हो स्पष्ट खुलाउनु भएको छैन । पत्रसाथ संलग्न पत्रको प्रतिलिपि हेर्दा उत्प्रेषण रिट निवेदन भन्ने देखिन्छ । यदि सूचना मागसम्बन्धी निवेदन नै भए सम्मानित सर्वोच्च अदालतबाट निर्णय भएका बखत सोही अनुसार हुने गरी सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचना मागकर्ताको आग्रह अनुसार सूचना दिनु भन्ने आदेश जारी गर्नुको विकल्प यस आयोग सँग छैन ।

प्रकरण (घ) मा पुनरावेदकले लिएका दावीहरूको सत्य असत्य प्रमाणित गर्ने विषय आयोगको प्रत्यक्ष कार्यक्षेत्र भित्र पर्दैन । तथापी संविधान र कानुनले नेपाली नागरिकलाई प्रदान गरेको सूचना माग्ने र पाउने हकको प्रभावकारी प्रचलन गराउने कार्य क्षेत्र यस आयोगको भएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) तथा दफा ११ को उपदफा (१) समेतलाई विचार गरी नागरिकले माग गरेको सूचना दिलाउने निष्कर्षमा आयोग पुगेको छ । अत: माथि विश्लेषण गरिएको आधार र कारण समेतबाट नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकलाई प्रदान गरेको मौलिक हक पुनरावेदकले माग गरेको विषय सार्वजनिक सरोकारको विषय भई प्रत्येक नेपाली नागरिकको मौलिक अधिकार भित्रको विषय भएको नेपाल सरकार वा कुनै सार्वजनिक निकाय पक्ष भएको कुनै सन्धि संझौताको विषय सार्वजनिक चासो र सरोकारको विषय भई उक्त सार्वजनिक सरोकारको विषयमा नागरिकको पहुँच हुने सुनिश्चितता संविधानको धारा २७ ले गरेको र उक्त सुनिश्चितता प्राप्तिको प्रक्रिया र ग्यारेन्टी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ तथा दफा १०(३)(क) ले यस आयोगलाई प्रचलन गराउने अधिकार क्षेत्र प्रदान गरेको हुदा पुनरावेदन माग बमोजिमको माथिल्लो कर्णाली विकास परियोजना (PDA) संझौता आवश्यक प्रक्रिया पुरा गर्नुपर्ने भए पुरा गरी पुनरावेदकलाई दिनु भनी विपक्षी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको नाममा यो आदेश गरिएको छ । आदेश र निवेदनको प्रतिलिपि साथै राखी आदेश कार्यान्वयनका लागि पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम् ।